श्री

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री केशवराज चपाई

फैसला

मुद्दा नं. ०८१-C२-००१३

रजिष्ट्रेशन/कोड नं.७४-०८१-०५७७८

मुद्दा दायर मितिः-२०८२।०२।०५

कसूर ठहर नि.नं. ४४३

सजाय निर्धारण नि.नं ६९

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगंज, बाँकेका खाद्य निरीक्षण श्री रामहरी लामिछानेको जाहेरीले नेपाल सरकार------------------------------------१ वादी

विरुद्ध

जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा नं. ११ स्थित बिसमिल्ला होटलका संचालक जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा नं. ६ बस्ने वर्ष ३० का मोहम्मद उमर साई-----------------------------------------------------------१ प्रतिवादी

मुद्दाः- खाद्य स्वच्छता तथा गुणस्तर ऐन विपरित कार्य गरेको।

वादीको साक्षी | प्रतिवादीको साक्षी

प्रमाण | प्रमाण

अदालतबाट बुझेको

साक्षीः-

प्रमाणः-

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को परिच्छेद ४ बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-**

## संक्षिप्त तथ्य

१. मिति २०८१/०/१८ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगंज उपमहानगरपालिका, वडा कार्यालय, वडा प्रहरी कार्यालय र पत्रकार सहित गएको संयुक्त अनुगमन टोलिले बाँके जिल्ला नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित श्री बिस्मिल्ला केटर्स चिकन शोर्मा एण्ड बिरयानी होटल बोर्ड राखेको तर घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा बिस्मिल्ला होटल भनि दर्ता भएको (दर्ता नं. १४१३-११-२०८०/८१) को स्थलगत अनुगमन निरीक्षण गर्दा विर्यानी पकाउने ठाउँ खुल्ला रहेको, शौचालयसंग जोडिएको, अत्यधिक फोहोर अवस्था रहेको, झिंगा भन्केको पाइयो, फ्रिजमा अत्यन्त फोहोर (दूषित) अवस्थामा मासु भण्डारण गरेको पाइयो, Non-food grade प्लाष्टिकका भाडामा खानेकुरा (प्याज, राइता, ब्रेडक्रम, चिकन) भण्डारण गरेको पाइयो, बिरयानी र कवाफमा Synthetic food color प्रयोग गरेको पाइयो, भण्डारण कक्ष अत्यन्त फोहोर पाइयो, खानेकुरा अव्यवस्थित गरि राखेको, कच्चा पदार्थ भण्डारण गर्ने स्थानमा नै फोहोर फाल्ने, थुक्ने लगायत गर्ने गरेको पाइयो, अतः उक्त होटल संचालकले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को विपरित कार्य गरेको देखिएकोले थप अनुसन्धानको लागि अनुरोध छ भन्ने प्रतिवेदन जाहेरी।

२. म पेशाले होटल व्यवसायी हुँ मलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन नियमको बारेमा थाहा छैन । यस कार्यालयमा उपस्थिति हुनु भन्ने पत्र पाएर बयान दिन उपस्थित भएको छु । सो दिन अनुगमन भई मुचुल्का खडा गरिएको ठिक साँचो हो । मेरो होटलमा बिरयानी, शौर्मा, कवाफमा रंगको प्रयोग गर्छु । मैले बट्टामा पाइने ओरेन्ज र ग्रीन खाद्य रंगको प्रयोग गर्छु । बिरयानी बनाउंदा पाकेको चामलमा रंग, पाकेको मासु, र मसाला मिसाएर तयार गर्छु, शौर्मा बनाउँदा मासुको किमामा नुन, मसला र रंग मिसाएर डन्डीमा

उनेर आगोमा पोलेर रातो हुँदासम्म पकाइन्छ, कवाफ बनाउँदा मासुको किमामा नुन, मसाला र रंग मिसाई सानो डल्लो बनाएर तेरमा तारेर पकाइन्छ । जफत भएका ३ थान रंग मैले प्रयोग गरिरहेका रंग हुन र मेरो बाट नै लिएको हो । फोहर भएको ठिक साँचो हो, सरसफाइमा कमजोरी भएको हो म बाट गल्ति हुन गएको हो भन्ने समेत वेहोराको प्रतिवादी मोहम्मद उमर साईले खाद्य निरिक्षक समक्ष गरेको वयान।

३. अनुगमनको क्रमका म पनि सँगै थिए र त्यो होटलको कोठाहरु अत्यन्तै फोहर थिए । बिरयानी बाहिर भुईमा पकाउने गरेको र सो ठाँउ ट्वाईलेटसँग जोडिएको थियो । स्टोर रुम फोहर तथा अरु सामानहरु छरपष्ट थिए । बिरयानी, कबाब र शौर्मामा सिन्थेटिक रंग राखेर बनाउने गरेका रहेछन् । फ्रिज फोहर थियो । सबै भाँडाकुँडा फोहर देखिन्थ्यो । मैले देखे सुने जानेको कुरा ठिक साँचो हो, झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला भन्ने समेत वेहोराको जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका, वडा नं.-०५ का वडाध्यक्ष श्री शराफत हुसेन शेषले गरेको घटना विवरण कागज।

४. मेरो काम धेरैजसो अबेरसम्म हुने भएकोले नेपालगंज बाँके वडा नं. ११ मा रहेको बिसमिल्ला होटलमा तयारी भएको बिरयानी तथा अन्य खाना खाने गरेको थिए र मेरो भाईलाई पनि कहिलेकाही खान बोलाउंथे । चैत्र २६ गते त्यहाँको बिरयानी र कबाब खाएर भोलिपल्ट मेरो भाई बिरामी भएपछी २७ गते त्यहाँ गएर हेर्दा फोहर भएपछी मैले उजुरी टिपाएको हुँ । अनुगमनको क्रममा म पनि सँगै थिए र त्यो होटलको हरेक कोठाहरु अत्यन्तै फोहर थिए । बिरयानी बाहिर भुईमा पकाउने गरेको र सो ठाँउ ट्वाईलेटसँग जोडिएको थियो ।ट्वाईलेट पनि घिनलाग्दो र दुर्गन्धित थियो । स्टोर रुम साहैं फोहर थियो र फोहर तथा अरु सामानहरु छरपष्ट थिए । बिरयानी, कबाब र शौर्मा मा सिन्थेटिक रंग राखेर बनाउने गरेका रहेछन् । फ्रिजमा अति नै फोहर थियो त्यहाँ राखेको मासुबाट दुर्गन्ध आईरहेको थियो । सबै भाँडाकुँडा अति नै फोहर तथा टुटफुट भएका तथा प्लास्टिकका भाँडा प्रयोगमा ल्याएको देखे । त्यो होटलका कर्मचारी फोहर तथा घिनलाग्दा थिए र त्यस होटलमा खाना खानेलाई वा बनाउनेलाई हात धुने

ठाउँ छैन र हात पुछन न्यापकिन पेपर पनि दिँने गरेका छैनन् भन्ने समेत वेहोराको प्रज्वल कौशलले गरेको घटना विवरण कागज।

५. अनुगमनको क्रममा म पनि सँगै थिए, त्यो होटलको हरेक कोठाहरु साह्रै फोहर थिए । बिरयानी बाहिर भुईमा पकाउने गरेको र सो ठाँउ ट्वाईलेटसँग जोडिएको थियो । स्टोर रुम फोहर थियो र फोहर तथा अरु सामानहरु छरपष्ट थिए, पान खाएर त्यहि थुकेको देखिन्थ्यो। हरेक होटलमा रंग राखेर बिरयानी कबाव शौर्मा बनाउछन् । फ्रिजको माथि फोहर जमेको थियो र भित्र पनि फोहर थियो, त्यहाँ राखेको मासुबाट दुर्गन्ध आईरहेको थियो । प्रयोग भएका भाँडाकुँडा फोहर थिए तथा टुटफुट भएका तथा प्लास्टिकका भाँडा पनि प्रयोगमा ल्याएको देखे । त्यस होटलमा हात धुने ठाउँ देखिन । आउने दिनमा सो होटल राम्रोसँग चलोस भन्ने समेत वेहोराको कमालुद्दिन सिद्दिकी मनिहार (चुन्ना सिद्दिकी)ले गरेको घटना विवरण कागज।

६. मिति २०८१/१२/२९ गते बिसमिल्ला होटलमा अनुगमन हुँदा खाद्य वस्तुहरु बनाउन प्रयोग भैरहेको ३ थान रंगहरु जफत गरी विश्लेषण गर्दा ती रंगहरुमा कोलटार रंग (सिन्थेटिक डाइज) उपस्थित रहेको भन्ने व्यहोराको परिक्षण प्रतिवेदन ।

७. यसमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बाँकेवाट अनुसन्धान कार्य सम्पन्न गरी निर्णयार्थ पेश भएको मिसिल संलग्न हुन आएका खाद्य निरीक्षक रामहरी लामिछाने समेतको संयुक्त निरीक्षण मुचुल्का, प्रतिवेदन जाहेरी, प्रतिवादी मोहम्मद उमर साईले गरेको बयान समेतका कागजातहरू अध्ययन गरी निर्णय तर्फ विचार गरी हेर्दा जिल्ला बाँके, नेपालगन्ज उप-महानगरपालिका, वडा नं. ११ स्थित श्री बिसमिल्ला केटर्स चिकन शोर्मा एण्ड विरयानी होटल बोर्ड राखेको तर घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा बिस्मिल्ला होटल भनि दर्ता भएको होटलमा वडा प्रहरी खाद्य ऐन/नियम कार्यान्वयन गर्ने शिलशिला को क्रममा खाद्य निरिक्षक रामहरी लामिछाने सहितको संयुक्त अनुगमन टोलीले नियमित अनुगमनको दौरान खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को विपरित कार्य गरेको देखिएकोले थप अनुसन्धानको लागि पेश गरेको प्रतिवेदन, विर्यानी पकाउने ठाउँ खुल्ला रहेको, शौचालयसंग जोडिएको, अत्याधिक फोहोर अवस्था रहेको, झिंगा भन्केको, फ्रिजमा अत्यन्त फोहोर (दूषित) अवस्थामा मासु भण्डारण गरेको, Non-

food grade प्लाष्टिकका भाडामा खानेकुरा (प्याज, राइता, बेडक्रम, चिकन) भण्डारण गरेको, बिरयानी र कवाफमा Synthetic food color प्रयोग गरेको, भण्डारण कक्ष अत्यन्त फोहोर, खानेकुरा अव्यवस्थित गरि राखेको, कच्चा पदार्थ भण्डारण गर्ने स्थानमा नै फोहोर फाल्ने, थुक्ने लगायत गर्ने गरेको पाइयो, तयारी गरेको रंग आधा बोतल रातो र आधा बोतल हरियो र synthetic food color orange red आधा बट्टा पाइयो भन्ने व्यहोराको मुचुल्का, मलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन नियमको बारेमा थाहा छैन। अनुगमन भएको साँचो हो। मेरो होटलमा बिरयानी, शौर्मा, कवाफमा रंगको प्रयोग गर्छु। मैले बट्टामा पाइने ओरेन्ज र ग्रीन खाद्य रंगको प्रयोग गर्छु। बिरयानी बनाउँदा पाकेको चामलमा रंग, पाकेको मासु, र मसाला मिसाएर तयार गर्छु, शौर्मा बनाउँदा मासुको किमामा नुन, मसला र रंग मिसाएर डन्डीमा उनेर आगोमा पोलेर रातो हुँदासम्म पकाइन्छ, कवाफ बनाउँदा मासुको किमामा नुन मसाला र रंग मिसाई सानो डल्लो बनाएर तेलमा तारेर पकाइन्छ। जफत भएका ३ थान रंग मैले प्रयोग गरिरहेका रंग हुन र मेरो बाटलिएको हो भनी खाद्य निरिक्षण अधिकारी समक्ष प्रतिवादी मौहम्मद उमर साईले गरेको बयान, बिरयानी र कबाब खाएर भोलिपल्ट मेरो भाई विरामी भएपछी २७ गते त्यहाँ गएर हेर्दा फोहर भएपछी मैले उजुरी टिपाएको हुँ। अनुगमनको क्रममा म पनि सँगै थिए र त्यो होटलको हरेक कोठाहरु अत्यन्तै फोहर थिए। बिरयानी बाहिर भुईमा पकाउने गरेको र सो ठाँउ ट्वाईलेटसँग जोडिएको थियो। ट्वाईलेट पनि घिनलाग्दो र दुर्गन्धित थियो। स्टोर रुम साहै फोहर थियो र फोहर तथा अरु सामानहरु छरपष्ट थिए। बिरयानी, कबाब र शौर्मा मा सिन्थेटिक रंग राखेर बनाउने गरेका रहेछन। फ्रिजमा अति नै फोहर थियो त्यहाँ राखेको मासुबाट दुर्गन्ध आईरहेको थियो। सबै भाँडाकुँडा अति नै फोहर तथा टुटफुट भएका तथा प्लास्टिकका भाँडा प्रयोगमा ल्याएको देखे। त्यो होटलका कर्मचारी फोहर तथा घिनलाग्दा थिए र त्यस होटलमा खाना खानेलाई वा बनाउनेलाई हात धुने ठाउँ छैन र हात पुछन न्यापकिन पेपर पनि दिंने गरेका छैनन् भन्ने व्यहोराको बुझिएका मानिसहरु प्रज्वल कौशाल साथै उस्ता उस्तै घटना स्थलको बारेमा वर्णन गर्ने शराफत हुसेन शेष र कमालुद्दिन सिद्दिकी मनिहार समेतले गरेको कागज समेतबाट प्रतिवादी मोहम्मद उमर साईले खाद्य नियमावली २०२७ को अनुसूची १० खण्ड (ङ)

विपरित साथै खाद्य स्वच्छता तथा गुणस्तर ऐनको दफा ४० (घ) बमोजिमको कसुर गरेकोले प्रतिवादी मोहम्मद उमर साईलाई सोही ऐनको दफा ४२ को उपदफा १ (ख) बमोजिम सजाय हुने गरी सम्मानित बाँके जिल्ला अदालतमा मुद्दा दायर गर्ने निर्णय गरियो भन्ने जिल्ला सरकारी वकील कार्यालय, बाँकेको निर्णय।

८. प्रतिवादी मोहम्मद उमर साईले खाद्य नियमावली २०२७ को अनुसूची १० खण्ड (ङ) विपरित साथै खाद्य स्वच्छता तथा गुणस्तर ऐनको दफा ४० (घ) बमोजिमको कसुर गरेकोले निज प्रतिवादी मोहम्मद उमर साईलाई सोही ऐनको दफा ४२ को उपदफा १ (ख) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदावी।

९. मिसिल संलग्न प्रतिवेदन/जाहेरी, बरामदी तथा खानतलासी मुचुल्का, घटना विवरण कागज र अभियोग दावीको सम्पूर्ण बेहोरा सुनाउदा सुनिपाए। उक्त व्यहोरा गलत हो। मैले होटल संचालन गरेको सत्य हो। उक्त दिन म मेरो होटलमा थिएन। कामको लागी बाहिर गएको थिए। मेरो होटलमा विरयानी किन्न आएका एकजना ग्राहक संग मेरो होटलमा काम गर्ने कालिगढले विरयानीको पैसा माग्दा पैसा दिन इन्कार गरी झगडा भएको रहेछ। निजले फसाई दिने धम्की दिई मेरो होटलबाट गएका थिए। उनले नै मलाई झुट्टा मुद्दा हालि फसाईदिएका हुन। मेरो होटलमा बिरयानी, शौर्मा र कवाफ बनाउने गरेका छौ। उक्त खाद्य वस्तु बनाउदा सडेगलेका फोहरमैला मिसिएका बस्तु प्रयोग गरी खाद्य वस्तु बनाई विक्रि गरेको छैन। मेरो होटल राम्रो संग चलेको हुदा म विरुद्ध झुट्टा जाहेरी दिएका हुन । मैले सडेगलेका फोहरमैला मिसिएका बस्तु प्रयोग गरी खाद्य बस्तु वनाई विक्री गरेको छैन भन्ने समेत वेहोराको प्रतिवादी मोहम्मद उमर साईले यस अदालतमा गरेको वयान।

१०. प्रतिवादी उपरको कसूरको गम्भिरता र निजलाई जिम्मा जमानीमा राखी अनुसन्धान भई संकलित तत्काल प्राप्त प्रमाणकै आधारमा निजलाई थुनामै राखी मुद्दा पूर्पक्ष गर्नुपर्ने सम्मको विद्यमानता नदेखिँदा निज प्रतिवादी मोहम्मद उमर साईबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु. दुई लाख रुपैंया मात्र धरौट वा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु भन्ने यस अदालतका थुनछेक

आदेशानुसार निज प्रतिवादीले यस अदालतको र.नं. १०१२ मिति २०८२।०२।०५ मा माग बमोजिमको धरौटी दाखिल गरी तारेखमा छुटेका।

११. अनुसन्धान प्रतिवेदन संलग्न सम्पूर्ण व्यहोरा ठिक साँचो हो । गोप्य सूचना प्राप्तिका आधारमा ऐन विपरित कसूर भइरहेको छ भन्ने जानकारीको आधारमा वडाका जनप्रतिनिधी, प्रहरी टोली र म समेतको टोली उक्त वारदात स्थलमा जाँदा प्रतिवादीले संचालन गरेको होटलमा अत्यन्त फोहोर अवस्थामा खाद्य वस्तु, Non Food Grade प्लास्टिका भाँडाहरु प्रयोग गरेको विरयानी कवाब लगायतका खाद्य वस्तुमा Synthetic food colour प्रयोग गरेको पाइयो । जुन कलर प्रतिवादीको रोहवरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बाँकेको प्रयागशालामा परीक्षण गरिएको थियो । प्रतिवादीले संचालन गरेको होटलमा विरयानी पकाउने ठाँउ खुल्ला र शौचालयसँग जोडिएको, झिँगा भन्केको र भण्डार कोठामा नै फोहोर फाल्ने गरेकोले निज प्रतिवादीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन विपरित कसूर गरेका हुन् भन्ने समेत वेहोराको जाहेरवाला रामहरि लामिछानेले यस अदालतमा गरेको वकपत्र।

१२. उक्त वारदात मैले प्रत्यक्ष देखेको हुँ । उक्त घटनाको सम्बन्धमा प्रज्वल कौशल भन्ने व्यक्तिले विगत केही दिन देखिको उधारो तिर्नु पर्ने बाँकी रकम तिर्न आलटाल गरेपछि निजको उक्त होटलमा कार्यरत स्टाफहरुका विचमा भनाभन बादविवाद हुन गई निज प्रज्वल कौशलले खाद्य स्वच्छता तथा गुणस्तर नियन्त्रणको कार्यालय बाँकेको शाखामा फोन गरी भने पश्चात तहाँबाट कर्मचारी खटीई आई हेर्दा पसलको अवस्था सामान्य रहेको साथै प्रतिवादीले कुनै पनि किसिमको मिसावट फोहोरमैला नगरेकाले निजले माग दावी बमोजिम कसुर समेत नगरेकाले निजलाई माग दावी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने समेत वेहोराको प्रतिवादी मोहम्मद उमर साईका साक्षी मो. हसन पठानले यस अदालतमा गरेको वकपत्र।

१३. उक्त बारदातका दिन म अफिसमा थिए । उक्त घटना विवरण कागज मलाई नपढी नवाची सुनाएको र हामीलाई सहयोग गरिदिनुहोस् भनि भनेकाले मैले सहिछाप हस्ताक्षर गरेको हुँ । घटनाको बारेमा प्रतिवादीले भनेपछि थाहा जानकारी पाएको हुँ भन्ने समेत

वेहोराको घटना विवरण कागज गर्ने शराफत हुसेन शेषले यस अदालतमा गरेको वकपत्र।

१४. घटना विवरण कागजमा रहेको सम्पूर्ण व्यहोरा ठीक साँचो हो । मैले उक्त घटना विवरण कागजमा खाद्य प्रविधि तथा गुणस्तर कार्यालयमा गएर सहीछाप गरेको हुँ भन्ने समेत वेहोराको घटना विवरण कागज गर्ने प्रज्वल कौशलले यस अदालतमा गरेको वकपत्र।

## अदालतको ठहर

१५.नियमानुसार पेशी सुचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री गोविन्द बहादुर शाही र प्रतिवादी मोहम्मद उमर साईको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री विकास आचार्य र श्री मोहम्मद मोसिन खानले गर्नु भएको बहस जिकिर समेत सुनियो।

१६.मिसिल अध्ययन गरी उपस्थित कानुन व्यवसायीहरुको वहस जिकिर समेत सुनी प्रतिवादीले अभियोग मागदावी बमोजिमको कसर गरेका हुन होइनन् ? कसूर गरेका भए प्रतिवादीलाई के कति सजाय हुनुपर्ने हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

१७.निर्णयतर्फ विचार गर्दा, प्रतिवादी मोहम्मद उमर साईले खाद्य नियमावली २०२७ को अनुसूची १० खण्ड (ङ) विपरित साथै खाद्य स्वच्छता तथा गुणस्तर ऐनको दफा ४० (घ) बमोजिमको कसुर गरेकोले निज प्रतिवादी मोहम्मद उमर साईलाई सोही ऐनको दफा ४२ को उपदफा १ (ख) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदावी रहेको देखियो।

१८. मिति २०८१/०/१८ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगंज उपमहानगरपालिका, वडा कार्यालय, वडा प्रहरी कार्यालय र पत्रकार सहित गएको संयुक्त अनुगमन टोलिले बाँके जिल्ला नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित श्री बिस्मिल्ला केटर्स चिकन शोर्मा एण्ड बिरयानी होटल बोर्ड राखेको तर घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा बिस्मिल्ला होटल भनि दर्ता भएको (दर्ता नं. १४१३-११-२०८०/८१) को स्थलगत अनुगमन निरीक्षण गर्दा विर्यानी पकाउने ठाउँ खुल्ला रहेको,

शौचालयसंग जोडिएको, अत्यधिक फोहोर अवस्था रहेको, झिंगा भन्केको पाइयो, फ्रिजमा अत्यन्त फोहोर (दूषित) अवस्थामा मासु भण्डारण गरेको पाइयो, Non-food grade प्लाष्टिकका भाडामा खानेकुरा (प्याज, राइता, ब्रेडक्रम, चिकन) भण्डारण गरेको पाइयो, बिरयानी र कवाफमा Synthetic food color प्रयोग गरेको पाइयो, भण्डारण कक्ष अत्यन्त फोहोर पाइयो, खानेकुरा अव्यवस्थित गरि राखेको, कच्चा पदार्थ भण्डारण गर्ने स्थानमा नै फोहोर फाल्ने, थुक्ने लगायत गर्ने गरेको पाइयो, अतः उक्त होटल संचालकले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को विपरित कार्य गरेको देखिएकोले थप अनुसन्धानको लागि अनुरोध छ भन्ने प्रतिवेदन जाहेरी रहेकोमा सोही वेहोरालाई सनाखत गर्दै खाद्य निरीक्षक रामहरी लामिछानेले यस अदालतमा उपस्थित भई वकपत्र गर्दा प्रतिवादीले संचालन गरेको होटलमा अत्यन्त फोहोर अवस्थामा खाद्य वस्तु, Non Food Grade प्लास्टिका भाँडाहरु प्रयोग गरेको विरयानी कवाब लगायतका खाद्य वस्तुमा Synthetic food colour प्रयोग गरेको पाइयो । जुन कलर प्रतिवादीको रोहवरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बाँकेको प्रयागशालामा परीक्षण गरिएको थियो । प्रतिवादीले संचालन गरेको होटलमा विरयानी पकाउने ठाँउ खुल्ला र शौचालयसँग जोडिएको, झिंगा भन्केको र भण्डार कोठामा नै फोहोर फाल्ने गरेकोले निज प्रतिवादीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन विपरित कसूर गरेका हुन् भनी लेखाइदिएको देखियो।

१९. प्रतिवादीले यस अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको भए तापनि अनुसन्धानमा मैले संचालन गरेको होटलमा अनुगमन भई मुचुल्का खडा गरिएको ठिक साँचो हो । मेरो होटलमा बिरयानी, शौर्मा, कवाफमा रंगको प्रयोग गर्छु । मैले बट्टामा पाइने ओरेन्ज र ग्रीन खाद्य रंगको प्रयोग गर्छु । बिरयानी बनाउंदा पाकेको चामलमा रंग, पाकेको मासु, र मसाला मिसाएर तयार गर्छु, शौर्मा बनाउँदा मासुको किमामा नुन, मसला र रंग मिसाएर डन्डीमा उनेर आगोमा पोलेर रातो हुँदासम्म पकाइन्छ, कवाफ बनाउँदा मासुको किमामा नुन, मसाला र रंग मिसाई सानो डल्लो बनाएर तेरमा तारेर पकाइन्छ । जफत भएका ३ थान रंग मैले प्रयोग गरिरहेका रंग हुन र मेरो बाट नै लिएको हो । फोहर भएको ठिक साँचो हो, सरसफाइमा कमजोरी भएको हो म बाट

गल्ति हुन गएको हो भनी आफूले खाद्य स्वच्छता विपरित कार्य गरेको भनी लेखाएको देखिन्छ।

२०. अतः यसमा प्रतिवादीले संचालन गरेको विस्मिल्ला केटर्स चिकन सौर्मा एण्ड विरयानी होटल निरीक्षण गरी तयार गरेको मुचुल्का, प्रतिवादी मोहम्मद उमर साईको अनुसन्धान अधिकारी समक्षको बयान, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगंज बाँकेको नमुना विश्लेषण प्रतिवेदन, प्रतिवदेक रामहरि लामिछानेको प्रतिवेदन व्यहोरा सनाखत गरी भएको बकपत्र समेतका कागज प्रमाणका आधारमा प्रतिवादीले संचालन गरेको होटलमा प्रतिवादीले पानीको बोतलमा तयारी गरेको रंग रातो, हरियो, फुड कलर आरेन्ज रेड बनाई कोलटार रंग (सिन्थेटिक डाइज) संचय समेत गरी चिकेन मासु दुषित अवस्थामा राखी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४०(घ) बमोजिम कसूर गरेको ठहर्छ । प्रतिवादीलाई के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा नियमानुसार पेश गर्नु ।

## सजाय निर्धारण

२१.यस अदालतबाट मिति २०८२।०३।१९ गते प्रतिवादी मोहम्मद उमर साई उपर खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४०(घ) बमोजिम कसूर गरेको ठहर भै सजाय निर्धारणको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री गोविन्द बहादुर शाही र प्रतिवादी मोहम्मद उमर साईको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री विकास आचार्य र श्री मोहम्मद मोसिन खानले गर्नु भएको बहस समेत सुनियो। अब यी कसूरदारलाई के कति सजाय हुनुपर्ने हो? भन्ने प्रश्नमा सीमित रही निर्णय गर्नुपर्ने देखियो।

२२. अतः यसमा प्रतिवादीलाई के कति सजाय गर्दा उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा यी प्रतिवादीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४०(घ) बमोजिमको कसूर ठहर भएको र उक्त कसूरमा सोही ऐनको दफा ४२(१)(ख) बमोजिम सजायको व्यवस्था रहेको छ । उक्त दफा ४२(१)(ख) को व्यवस्था हेर्दा दफा ४० को खण्ड (घ) बमोजिमको कसूरमा पाँच वर्षसम्म कैद वा पाँचलाख रुपैयासम्म जरिवाना वा दुवै सजायको व्यवस्था रहेको छ । अब यी प्रतिवादीलाई के कति सजाय गर्दा

उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा यी प्रतिवादीको उमेर ३० वर्ष देखियो । प्रतिवादीले यस अघि सजाय पाएको भन्ने देखिएन । यी प्रतिवादीले संचालन गरेको विसमिल्ला होटलमा तयारी गरेको रंग आधा बोतल रातो, आधा बोतल हरियो र Synthetic food color orange red आधा वट्टा, चिकेन मासु दुषित अवस्थामा रहेको भन्ने निरीक्षण अनुगमन मुचुल्का रहेको देखियो । परिक्षण प्रतिवेदनमा कोलटार रंग (सिन्थेटिक डाइज) पाइयो भन्ने देखियो । प्रतिवेदकको बकपत्रबाट प्रतिवादीकले उत्पादन गरी राखेको उल्लेखित बरामद बस्तु मानव स्वास्थ्यको लागि हानिकारक हुने उल्लेख भएको देखियो । उल्लेखित तथ्य प्रमाण, प्रतिवादीले कसूर गर्दाको अवस्था परिस्थिति मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ एवं ३९ र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १५(१)(२) समेतका कानुनी व्यवस्था समेतका आधारमा प्रतिवादीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४२(१)(ख) बमोजिम ६ महिना कैद र एकलाख रुपैयाँ जरिवाना हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएको छ।

## तपसिल

माथि सजाय निर्धारण खण्डमा लेखिए बमोजिम प्रतिवादी मोहम्मद उमर साईलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ४२(१)(ख) बमोजिम ६ (छ) महिना कैद र रु.१,००,०००।—(एक लाख) रुपैंया जरिबाना हुने ठहरी फैसला भएकोले सो बमोजिम लगत कसी निज प्रतिवादी जिम्मा जमानिमा रही अनुसन्धान भएको र अभियोग पत्र दर्ता भई सो दिन वयान गर्न नभ्याई हिरासतमा राख्न पठाइएकोले निजलाई ठहर भएको कैद मध्ये एक दिन हिरासतमा बसेकोले एक दिनको लगत असूल जनाई बाँकी पाँच महिना उनन्तीस दिन कैदको लगत निजबाट असूल उपर गर्नु र निजलाई ठहर भएको जरिबाना रु. एक लाख निजले यस अदालतका आदेशानुसार मुद्दा पूर्पक्षको लागि मिति २०८२।०२।०६ र.नं. १०१२ मा दाखिल गरेको धरौटीबाट कट्टा गरी असूल गर्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५१ बमोजिम तहसिल शाखामा लगत दिनू-----------------------------------------------------------------१

प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम ७०(सत्तरी) दिन भित्र श्री उच्च अदालत तुलसीपुर, नेपालगंज ईजलासमा पुनरावेदन गर्नु भनी प्रतिवादी मोहम्मद उमर साईलाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू-----------------------------------------------------------२

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४) बमोजिम फैसलाको प्रमाणित प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय, बाँकेलाई फैसलाको जानकारी दिनू-----------------------------------------------------------------------३

प्रतिवादीले यस अदालतको मिति २०८२।०२।६ का आदेशानुसार धरौटी दाखिल गरि रुजु तारेखमा रहेको देखिँदा निजले मुद्दा पूर्पक्षको लागि र.नं. १०१२ मिति २०८२।०२।०६ मा दाखिल गरेको धरौटी रु.दुई लाख मध्ये निजलाई ठहर भएको जरिबाना कट्टा गरी बाँकी धरौटी फिर्ता पाउँ भनी प्रस्तुत मुद्दा अन्तिम भई निजलाई ठहर भएको कैदको लगत असूल भएपछि दरखास्त दिए कुनै दस्तुर नलिई निजलाई ठहर भएको जरिबाना कट्टा गरी बाँकी धरौटी फिर्ता दिनू भनी यस अदालतको लेखा शाखामा लेखी पठाउनू------------------------------------------------------------------------४

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे कानूनको रीत पुऱ्याई नक्कल दिनू-----**५**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिम प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण यस अदालतको वेबसाईटमा र सूचना पाटिमा समेत प्रकाशित गर्नू--------------------------------------------------------------------------६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति यस अदालतको वेबसाईटमा अपलोड पीठमा गरी निस्सा जनाई मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू-------------------------------------------------------------------७

.........................

(केशवराज चपाई)

जिल्ला न्यायाधीश

*फैसला तयार गर्न सहयोग गर्नेः-*

नायब सुब्बाः- दिपक बहादुर खड्का, क.अ. त्रिभुवन आचार्य

कसूर ठहर मितिः- २०८२।०३।१९

सजाय निर्धारण मितिः- २०८२।०३।२४

फैसला प्रमाणीकरण भएको मितिः- २०८२।०४।१२ अदालतको छाप